मिति २०७८ कार्तिक ३ गते बुधबार बसेको विपद् जोखिम न्यूनीकरण तथा व्यस्थापन राष्ट्रिय परिषद्को

**बैठकका निर्णयहरू**

निर्णय नं. १: २०७८ सालको मनसुन अवधिमा तथा असोज ३१ गतेदेखि हालसम्म भएका बाढी, पहिरो, डुबानको क्षतिका साथै देशभरका विभिन्न जिल्लाहरूमा भएका सडक दुर्घटनाको समीक्षा गरियो। उल्लिखित घटनाहरूबाट भएको क्षतिप्रति गम्भीर दुःख व्यक्त गर्दै मृत्यु भएकाहरूप्रति हार्दिक श्रद्धाञ्जली व्यक्त गरियो। घाइतेहरूको शीघ्र स्वास्थ्य लाभको कामनाका साथै निःशुल्क उपचारको व्यवस्था मिलाउने। मृतक परिवारका सदस्यहरूलाई विपद् पिडित उद्धार र राहत सम्बन्धी मापदण्डमा व्यवस्था भएबमोजिम तत्काल क्षतिपूर्ति तथा राहतको व्यवस्था सम्बन्धित जिल्ला प्रशासन कार्यालयले मिलाउने।

निर्णय नं. २: उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालयले बाढी तथा पहिरो प्रभावितहरूलाई तत्काल खाद्यान्न अभाव हुन नदिनका लागि आवश्यक न्यूनतम खाद्यान्नको प्याकेज (चामल, दाल, पिठो, नून, तेल लगायत) बनाई जिल्ला विपद् व्यवस्थापन समिति र स्थानीय विपद् व्यवस्थापन समितिको समन्वयमा वितरण गर्ने व्यवस्था मिलाउने।

निर्णय नं. ३: देशका विभिन्न भू-भागमा भएको बाढी, पहिरो र डुबानबाट क्षति पुगेका भौतिक पूर्वाधार (सडक, सञ्चार, खानेपानी, विद्युत, विद्यालय, स्वास्थ्य संस्था आदि) लाई संघ, प्रदेश र स्थानीय तहका सम्बद्ध निकायहरूको समन्वयमा तत्काल संचालनको व्यवस्था मिलाउने। यसका लागि राज्यको स्रोत, साधन, जनशक्ति र सामर्थ्यको पूर्ण उपयोग गर्ने।

क) भौतिक पूर्वाधार तथा यातायात मन्त्रालय, सहरी विकास मन्त्रालय, संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय एवं स्थानीय तहले आ-आफ्नो कार्यक्षेत्रमा पर्ने अवरूद्ध रहेका राजमार्ग, लोकमार्ग तथा अन्य सहायक मार्गहरू र सोमा रहेका पुलपुलेसा तत्काल मर्मत गरी आवागमन सञ्चालन गर्ने।

ख) सञ्चार तथा सूचना प्रविधि मन्त्रालयले अवरूद्ध भएका सञ्चार संरचनाहरूको मर्मत सम्भार गरी तत्काल सञ्चालन गर्ने।

ग) स्वास्थ्य तथा जनसंख्या मन्त्रालयले घाइते तथा विरामीहरूको तत्काल निःशुल्क स्वास्थ्य उपचारको व्यवस्था मिलाउने। बाढी पश्चात हुन सक्ने झाडा पखाला तथा अन्य सरुवा रोग फैलिन नदिने उपायहरु अवलम्बन गर्ने।

घ) खानेपानी मन्त्रालयले क्षतिग्रस्त खानेपानीका संरचनाहरूको मर्मत सम्भार गरी स्वच्छ खानेपानी आपूर्तिको व्यवस्था मिलाउने। अस्थायी बसोबास र आश्रयस्थालमा समेत खानेपानी तथा सरसफाईको प्रभावकारी व्यवस्थापन गर्ने।

ङ) ऊर्जा, जलस्रोत तथा सिंचाई मन्त्रालयले अवरूद्ध भएका विद्युत, तटबन्ध तथा सिंचाई संरचनाहरूको मर्मत सम्भार गरी तत्काल सञ्चालनमा ल्याउने।

च) शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालयले क्षतिग्रस्त विद्यालयहरूको मर्मत सम्भार तत्काल गर्ने र आश्रयस्थलका रूपमा प्रयोगमा रहेका विद्यालयहरूको पठनपाठनको लागि सम्बन्धित स्थानीय तहको समन्वयमा वैकल्पिक व्यवस्था मिलाउने।

अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन राष्ट्रिय परिषद्

निर्णय नं. ४:- विपद प्रभावित क्षेत्रमा खोज उद्धार तथा राहत कार्यलाई तदारूकताका साथ निरन्तरता दिने र थप प्रभावकारी बनाउन आवश्यकता अनुसार निजी क्षेत्रका हेलिकोप्टर, डोजर, स्काभेटर लगायतका साधनहरू प्रयोगमा ल्याउने।

निर्णय नं. ५:- कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले २०७८ साल असोज ३१ गतेदेखि हालसम्म देशभर भएका कृषि बालीको प्रारम्भिक क्षति तथा नोक्सानीको विवरण नवीनतम् प्रविधिको समेत प्रयोग गरी तत्कालै संकलन गर्ने। सो विवरणको आधारमा कृषि तथा पशुपंक्षी विकास मन्त्रालयले तत्काल राहत प्याकेजको प्रस्ताव गरी समितिमा पेश गर्ने।

निर्णय नं. ६:- विपद् तथा जलवायुजन्य जोखिमका कारणले कृषि क्षेत्रमा हुने क्षति तथा नोक्सानीबाट कृषक तथा सरकारमा पर्ने गरेको भार कम गर्न नवीनतम विमाका उपायहरु पहिल्याई निजी क्षेत्र समेतले उक्त भारवहन गर्ने व्यवस्था राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण, गृह मन्त्रालय, कृषि तथा पशुपंक्षी मन्त्रालय र अर्थ मन्त्रालयले मिलाउने।

निर्णय नं. ७:- २०७८ साल असोज ३१ गतेदेखि हालसम्म देशभर भएका विपद्का घट्नाहरूबाट भएको मानवीय, भौतिक, कृषि तथा पशुजन्य क्षति तथा नोक्सानीको विस्तृत विवरण सम्बन्धित मन्त्रालयहरूले संकलन गरी आगामी कार्यकारी समितिको बैठकमा पेश गर्ने।

निर्णय नं. ८:- विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन ऐन, २०७४ को दफा २२ र विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन नियमावली, २०७६ को नियम १० बमोजिमको विपद् व्यवस्थापन कोषमा हाललाई प्रधानमन्त्री दैवी प्रकोप सहायता कोषबाट रू. १ अर्ब रूपैया उपलब्ध गराई कोषलाई सक्रिय बनाउने। आवश्यकता अनुसार अर्थ मन्त्रालयले थप निकासा गर्दै जाने। विपद्को समयमा कोषको रकम खर्च गर्ने सहज र सरल प्रकृया सहितको कार्यविधि बनाई कार्यान्वयनको उपयुक्त व्यवस्था मिलाउने।

निर्णय नं. ९:- राष्ट्रिय परिषदको सातौं वैठकको निर्णयमा उल्लेख भए बमोजिम सिन्धुपाल्चोक जिल्लाको हेलम्बु गाउँपालिका, चनौटेमा तत्काल बेली ब्रिज जडान गरी संचालनमा ल्याउनको लागि लागत अनुमान बमोजिमको रकम नेपाली सेनालाई विपद व्यवस्थापन कोषबाट निकासा दिने।

निर्णय नं. १०:- वाढी, पहिरो र डुबानमा परेका नागरिकहरूको उद्धार, राहत तथा आश्रयको व्यवस्थापन लगायतको कार्यमा खटिएका व्यक्तिगत दाता, सामुदायिक तथा परोपकारी संघ-संस्थाहरूले सम्बन्धित जिल्ला विपद् व्यवस्थापन समितिसँग समन्वय गरी एकद्वार प्रणालीबाट मात्र राहत वितरणको व्यवस्था मिलाउने।

निर्णय नं. ११ :- मिति २०७८ असोज ३१ गतेदेखि भएको वाढी, पहिरो तथा डुबानबाट पूर्णरूपमा क्षतिभएका निजी आवास पुनर्निर्माण गर्नका लागि समेत मनसुनजन्य विपद् प्रभावित निजी आवास पुनर्निर्माण तथा पुनर्स्थापना अनुदान कार्यविधि, २०७७ मा भएको व्यवस्था बमोजिम अनुदान वितरण गर्ने र यसको लागि विनियोजित रकम अपुग भएमा अर्थ मन्त्रालयले निकासा गर्ने।

अध्यक्ष
विपद् जोखिम न्यूनीकरण तथा
व्यवस्थापन राष्ट्रिय परिषद्